इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इच्छाकामना-४, कुरिनटार चितवन
बागमती प्रदेश, नेपाल

आज मिति २०८१।०३।१८ गते मंगलबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्तबहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | | श्री पञ्चबहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं वडा नं.३ वडा अध्यक्ष |
| ६. | | श्री रुद्रप्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | | श्री तेजबहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | | श्री बमबहादुर थापामगर | वडा नं.७ वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. बासु पण्डित
२. उद्गम तिमिल्सीना
३. ई. कमल राउत
४. तेज कुमार धमला

## कार्यपालिकाको प्रस्ताव पेश कार्यसूची

इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय इच्छाकामना-४, कुरिनटार चितवन बागमती प्रदेश, नेपाल

बैठक संख्या: ४२
अध्यक्षता: श्री दान बहादुर गुरुङ
बैठक मिति: २०८१।०३।१८
बैठक स्थान: इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।
बैठक समय: विहान ८:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८१।०३।१८ | ८:०० बजे | ठेक्का नं. NCB/IRM/25/078/079, ढुङ्ग्रे लिफ्टिङ वाटर सप्लाइ इलेक्ट्रिसिटी इरेक्सन एण्ड एक्टेन्सन वर्क एण्ड ग्रेभिटी फ्लो कन्ट्रक्सन सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १ |
| २०८१।०३।१८ | ८:३० बजे | ठेक्का नं. NCB/IRM/07/080/081, दाहाखानी स्कूल देखि नयाँ गाउँटार सडक स्तरोन्नती सम्बन्धमा। | पूर्वाधार विकास शाखा | २ |
| २०८१।०३।१८ | ९:०० बजे | एक विद्यालय एक करेसाबारी कार्यक्रम सञ्चालनको लागि विद्यालयहरुलाई बजेट बाँडफाँट सम्बन्धमा। | शिक्षा शाखा | ३ |
| २०८१।०३।१८ | ९:१५ बजे | आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रम र बार्षिक योजना तथा कार्यक्रम (बजेट) निर्माणमा कार्यालय समय अघी र पछी खटिने कर्मचारीलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ४ |
| २०८१।०३।१८ | ९:२० बजे | औषधी उपचार खर्च उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ५ |
| २०८१।०३।१८ | ९:२५ बजे | वडा नं.३ स्थित चिसापानी आहाल संरक्षणको लागि रकम उपलब्ध गराउने सम्बन्धमा। | कृषि विकास शाखा | ६ |
| २०८१।०३।१८ | ९:३० बजे | वडा नं. ६ मा रहेको दाव मत्स्य तथा पशुपंक्षी फर्मले उपयोग गरिरहेको कुलो मर्मतको लागि रकम उपलब्ध गराउने सम्बन्धमा। | कृषि विकास शाखा | ७ |
| २०८१।०३।१८ | ९:३५ बजे | वडा नं. ७ मा सञ्चालित वेलडाँडा सिंचाइ कुलो र गर्दास झाङझुङ्गे सिंचाइ कुलो सञ्चालनको लागि पाइप उपलब्ध गराउने सम्बन्धमा। | कृषि विकास शाखा | ८ |

गाउँपालिका अध्यक्ष

पूर्व बैठकको समीक्षा

मिति २०८१।०३।१० मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

४२ औं कार्यपालिका बैठकको निर्णयहरुः

निर्णय नं.१: यस गाउँपालिकाको वडा नं. ६ मा सञ्चालित ठेक्का नं. NCB/IRM/25/078/079, DHUNGRE LIFTING WATER SUPPLY ELECTRICTY ERECTION AND EXTENSION WORK AND GRAVETY FLOW CONSTRUCTION को कार्य सम्पन्न गर्ने समय मिति २०७९।०७।०५ गते सम्म रहेकोमा योजना सञ्चालन हुने स्थलमा विद्युत लाइनको विस्तार नभएको लगाएतका कारणले तोकिएको समयमा कार्यसम्पन्न हुन नसकेको र मिति २०७९।१०।२७ गतेको गाउँपालिकाको निर्णयानुसार Special Condition of Contract (SCC) को दफा ४८.१ अनुसार दैनिक ०.०५% रकम सम्झौता रकमबाट कट्टा गर्ने गरी Liquidated Damage (LD) अवधि भित्र योजना सम्पन्न गर्ने गरी म्याद थप समेत गरिएकोमा उक्त अवधिमा समेत कार्य सम्पन्न हुन नसकेको र तत् पश्चात उक्त योजनाको म्याद थप नभएको र हाल आएर कार्य सम्पन्न भएको भनी सम्बन्धित निर्माण व्यवसायीले भुक्तानीको लागि निवेदन पेश गरेकोले मिति २०८१।०३।२३ सम्म म्याद थप गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा (४) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२७ को उपनियम (१) बमोजिम खरिद सम्झौताको अन्त्य गर्ने।

निर्णय नं.२: यस गाउँपालिकाको वडा नं. ७ मा सञ्चालित ठेक्का नं. NCB/IRM/07/080/081, दाहाखानी स्कूल देखि नयाँ गाउँटार सडक स्तर उन्नती कार्यको लागि सुदेशना कन्स्ट्रक्सन प्रा.लि. भरतपुर, चितवनसंग मिति २०८०।११।१७ मा भएको सम्झौता अनुसार मिति २०८१।०३।०५ सम्म कार्य सम्पन्न गर्नुपर्नेमा तोकिएको समयभित्र कार्य सम्पन्न नभएकोले General Condition of Contract (GCC) को दफा ५५ र Special Condition of Contract (SCC) को दफा ४८.१ र ५८.२ मा भएको व्यवस्था बमोजिम उक्त ठेक्काको म्याद थप गर्ने।

निर्णय नं. ३: आ.व. २०८०।०८१ को स्वीकृत बार्षिक कार्यक्रम एक विद्यालय एक करेसाबारी कार्यक्रम सञ्चालन गर्न रितपूर्वक आवेदन दिएका सामुदायिक विद्यालयहरुमध्ये कक्षा ३ सम्म सञ्चालित विद्यालयका लागि रु.१०,०००।- (अक्षरुपि दश हजार मात्र), कक्षा ५ सम्म सञ्चालित विद्यालयका लागि रु.१५,०००।- (अक्षरुपि पन्ध्र हजार मात्र), कक्षा ८ सम्म सञ्चालित विद्यालयका लागि रु.२०,०००।- (अक्षरुपि बीस हजार मात्र), कक्षा १० सम्म सञ्चालित विद्यालयका लागि रु.३०,०००।- (अक्षरुपि तीस हजार मात्र) रकम सम्बन्धित विद्यालयको बैङ्क खातामा उपलब्ध गराउने।

निर्णय नं.४: आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रम एवम् बार्षिक योजना तथा कार्यक्रम (बजेट) निर्माण कार्यका लागि कार्यालय समय अघि र पछी खटिने कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप २०८१ साल जेठ र असार दुई महिनाको लागि सम्बन्धित कर्मचारीले खाइपाइ आएको आधारभूत तलब बराबरको रकममा नियमानुसार कर कट्टी गरी अतिरिक्त सेवा सुविधा उपलब्ध गराउने।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इच्छाकामना-४, कुरिनटार चितवन
बागमती प्रदेश, नेपाल

निर्णय नं.५: इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा कार्यालय सहयोगीको पदमा कार्यरत विर बहादुर चेपाङ आचानक विरामी परी अस्पतालमा उपचारको लागि भर्ना भएकोमा निजलाई पथ्थरीको समस्या देखा परी तत्काल अप्रेसन गर्नुपरेको र उक्त उपचारको क्रममा खर्च भएको बिल भर्पाईको आधारमा अधिकतम रु. ५०,०००।- (अक्षरुपि पचास हजार मात्र) औषधी उपचार खर्च रकम उपलब्ध गराउने।

निर्णय नं. ६: यस गाउँपालिकाको वडा नं. ३ मा अवस्थित चिसापानी आहाल संरक्षणको लागि गाउँ गाउँमा पोखरी चोक चोकमा टोकरी वा मुहान संरक्षण कार्यक्रमबाट खर्च लेख्ने गरी रु.२५,०००।- (अक्षेरपि पच्चिसहजार मात्र) रकम उपलब्ध गराउने। साथै राष्ट्रिय आधारभुत विद्यालय मैतेश, २ नं. वडा लाई मर्मत सम्भारको लागि वढीमा रु १,००,०००/- (अक्षरुपी एक लाख) प्राविधिक मुल्याङ्कन सहित विल भरपाईको आधारमा उपयुक्त शिर्षकवाट उपलब्ध गराउने ।

निर्णय नं. ७: वडा नं. ६ मा रहेको दाव मत्स्य तथा पशुपंक्षी फर्म सञ्चालन गर्न उक्त फर्मले उपयोग गरिरहेको कुलो मर्मत गर्न रु. ४०,०००।-(अक्षरुपि चालिस हजार मात्र) रकम बाँझो जमिनको प्रयोगमा सहयोग तथा साना सिंचाइ कार्यक्रम शिर्षकमा विनियोजित बजेट मध्येबाट उपलब्ध गराउने।

निर्णय नं. ८: वडा नं. ७ मा सञ्चालित वेलडाँडा सिंचाइ कुलो र गर्दास झाङझुङ्गे सिंचाइ कुलो सञ्चालनको लागि प्राविधिक स्टिमेट अनुसार आवश्यक पाइप खरिद गरी उपलब्ध गराउन बाँझो जमिनको प्रयोगमा सहयोग तथा साना सिंचाइ कार्यक्रम शिर्षकमा विनियोजित बजेट मध्येबाट दुबै कुलोको लागि बढीमा बीस हजारका दरले **बील भरपाइको आधारमा भुक्तानी गर्ने।**

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष